का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३१३
❒ २२ पुस २०७८, बिहीबार
❒ 6 January 2022, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## सम्बन्ध सुधारको अवसर

प्रधानमन्त्री शेरबहादुर देउवा आइतबार भारत भ्रमणमा निस्कने भएका छन् । प्रधानमन्त्री नियुक्त भएको ६ महिनापछि देउवा भारत भ्रमणमा निस्कन लागेका देउवाले समकक्षी नरेन्द्र मोदीसँग भेट हुने कार्यसूची छ ।



प्रधानमन्त्री शेरबहादुर देउवासँग बुधबार बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिम्स्टेक) का महाचिव तेन्जिङ लेकफेल । तस्बिरः रासस

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

प्रधानमन्त्री शेरबहादुर देउवा आइतबार भारत जाने भएका छन् । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री देउवाको भ्रमणको निर्णय अनुमोदन गरेको हो । प्रधानमन्त्री देउवा गुजरातमा हुने भाइब्रेन्ट गुजरात समिटमा भाग लिन भारत जाने भएका हुन् । प्रधानमन्त्री देउवाले २५ सदस्यीय टोली लिएर नयाँ दिल्ली हुँदै गुजरात जाने तयारी गरेका छन् ।

पाँचौं पटक प्रधानमन्त्री नियुक्त भएपछि देउवाको यो पहिलो भारत भ्रमण हो । गएको असार २९ गते प्रधानमन्त्री नियुक्त भएका देउवाले यो भ्रमणमा समकक्षी नरेन्द्र मोदीसँग समेत भेटवार्ता गर्ने जानकारी दिइएको छ । तर प्रधानमन्त्री देउवालाई मोदीले निमन्त्रणा दिएर गरिन लागेको कुटनैतिक भ्रमण भने होइन यो । बरु समिटमा भाग लिन जाँदा प्रधानमन्त्री मोदीसँग भेट हुन लागेको हो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । गएको असार २८ गते सर्वोच्चको आदेशपछि ओलीलाई पदमुक्त गर्दै देउवा प्रधानमन्त्री नियुक्त भएका हुन् । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धनबाट देउवा प्रधानमन्त्री बनेको ६ महिना भएको छ ।

तर छिमेकी मुलुक भारतका प्रधानमन्त्री मोदीले देउवालाई कुटनैतिक भ्रमणको निम्तो दिएका छैनन् । यसअघि नेपालमा प्रधानमन्त्री नियुक्त हुनासाथ भारतले कुटनैतिक (कतिपय प्रधानमन्त्रीलाई राजकीय) भ्रमणको निम्तो दिने गरेको थियो । भारत भ्रमण नगरी अन्य देशको भ्रमण हुँदा भारतले विशेष चासोका साथ हेर्ने गरेको थियो । यसपटक भने देउवा प्रधानमन्त्री बनेको ६ महिनासम्म पनि कुनैपनि देशको कुटनैतिक भ्रमण गरेका छैनन् ।

त्यसैले छिमेकी मुलुक भारतसँग पछिल्लो समय बिग्रिएको सम्बन्ध सुधारका निम्ति पनि प्रधानमन्त्री देउवाको भ्रमण अवसर बन्न सक्छ । दुई वर्ष अगाडि भारतले नेपालको भूमि मिचेर नक्सा सार्वजनिक गर्ने र सडक

– बाँकी पृष्ठ २ मा



नवलपुरको हुप्सेकोटमा पहिरो पीडितका लागि बनाइएका टेन्ट । चिसो बढेकाले टेन्टको बसाइँ कठिन बनेको छ । तस्वीरः दयाराम आचार्य

### कोइराला समूहको भेला

# ‘भागबण्डा होइन, न्याय माग्छौं’

सभापति शेरबहादुर देउवाले एक्लौटी निर्णय गरेर अगाडि बढेको भन्दै नेपाली काँग्रेसका नेता डा.शेखर कोइरालाले आफ्नो समूहको छुट्टै भेला राखेका छन् । सभापतिमा पराजित शेखरको भेलामा रामचन्द्र पौडेल, प्रकाशमान सिंह र शशांक कोइराला भने अनुपस्थित थिए ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

प्यानल सहित १४औं महाधिवेशनमा प्रतिश्पर्धा गरेका नेपाली काँग्रेसका नेता डा.शेखर कोइरालाले बुधबार आफ्नो पक्षको छुट्टै भेला राखेका छन् । सभापति शेरबहादुर देउवा एक्लौटी निर्णय सहित अगाडि बढेपछि कोइरालाले आफ्नो समूहको छुट्टै भेला राखेका हुन् । डा.शेखरलको नेतृत्वमा पहिलोपटक आफ्नो समूहको भेला भएको छ ।

यो भेलामा रामचन्द्र पौडेल, प्रकाशमान सिंह र शशांक कोइराला भने अनुपस्थित रहे । १३औं महाधिवेशनपछि पौडेलले यो समूहको नेतृत्व गर्दै आएका थिए । १२औं महाधिवेशनबाट देउवा इतर समूहबाटै सिंह महामन्त्री निर्वाचित भएका थिए । १३औं महाधिवेशनमा पौडेलकै समूहबाट शशांक महामन्त्री निर्वाचित भएका थिए । तर २४-२७ मंसिरमा सम्पन्न १४औं महाधिवेशनबाट भने पौडेल, सिंह र कोइराला सभापति देउवा समूहतिर लागेका छन् । यी तीनै नेताको नामावली देउवा र कोइराल प्यानलमा सामेल थियो ।

तर महाधिवेशन पश्चात् भने कोइरालाले यी नेताहरु देउवातिर लागिसकेको निष्कर्ष निकालेका छन् । बुधबारको भेलामा सहभागी नभएर यी तीन नेताले कित्ता प्रष्ट पारेका छन् । तर शेखरले भने आफूलाई साथ दिने पंक्तिलाई निराश हुन नदिने बताएका छन् । आफूले ४० प्रतिशत मत पाएपनि देउवाले एक्लौटी हिडेकाले पार्टीभित्र न्यायको लडाइँ अगाडि बढाउने कोइरालाले चेतावनी दिएका छन् ।

गुट भेला सम्बोधन गर्दै कोइरालाले भनेका छन्, “पार्टी संगठनभित्र कटुता, विभाजन र असहयोगी भावना कसैमा आउनु हुँदैन । तर यति भनिरहँदा पार्टीमा काम गर्ने निष्ठावान, इमान्दार र त्यागी नेतालाई नियोजित तरिकाले पाखा लगाउने भयो भने त्यसविरुद्ध डटेर लाग्नुपर्छ ।”

लोकतन्त्रवादीहरुले राजनीतिक खेलमा नियम र संगत रुपमा अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । “काँग्रेसजन एउटै परिवारका सदस्य हौं भन्ने भावना नेतृत्वबाट निर्णय गर्दा देखाइनुपर्छ” कोइराला भन्छन्, “पार्टीमा न्यायोचित अवसरको वितरण र व्यवस्थापन हुन जरुरी छ, नभए कार्यकर्ता किन काँग्रेसमा बस्ने भन्ने प्रश्न उठ्न सक्छ ।”

सभापति देउवाले वरियता निर्धारण र केन्द्रीय सदस्य मनोनयनमा गरेको निर्णयप्रति असन्तुष्टि जनाउँदै कोइरालाले छुट्टै भेला राखेका हुन् । सभापतिमा दोस्रो चरणको मतदानपछि पराजित कोइरालाले गुटबन्दी नगर्ने र भागबण्डा नमाग्ने प्रतिक्रिया दिएका थिए । तर कोइरालालाई देउवालाई २०औं वरियतामा राखेका छन् । केन्द्रीय सदस्य मनोनीत गर्दा पनि आफूलाई मत दिनेलाई प्राथमिकतामा राखेका छन् ।

– बाँकी पृष्ठ २ मा

## साना दललाई गठबन्धनको लाभ



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस ।

नेकपा एमालेविरुद्ध पाँच दलीय गठबन्धन बन्दा साना दलहरुलाई एकपछि अर्को लाभ मिल्दै गएको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुई पटक प्रतिनिधिसभा विघटन गर्ने असंवैधानिक निर्णय गरेकै कारण संसद्को दोस्रो दल नेपाली काँग्रेसले सरकारको नेतत्व गरिरहेको छ । २७५ सदस्यीय प्रतिनिधिसभामा ६३ जना सांसद रहेको काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छन् ।

कतिसम्म भने ४० सदस्यीय कर्णाली प्रदेशसभामा ६ जना सांसद रहेको काँग्रेसले प्रदेश सरकारको नेतृत्व गरिरहेको छ । एक मात्रै प्रत्यक्ष निर्वाचित जीवनबहादुर शाही अहिले मुख्यमन्त्री छन् । गण्डकीमा पनि काँग्रेसकै नेतृत्वमा सरकार छ । प्रदेश-१ र बागमतीमा नेकपा एकीकृत समाजवादीको सरकार छ । लुम्बिनी र कर्णालीमा माओवादी केन्द्र नेतृत्वको सरकार छ ।

तर सवैतिर ठूलो दल रहेको एमाले भने एकपछि अर्को क्षति बेहोरिरहेको छ । माघ १२ मा एमालेले थप राष्ट्रियसभा सदस्यहरु गुमाउनेछन् । एमालेको आठ सांसदको कार्यकाल सकिदैछ । त्यसविरुद्ध पाँच दलीय गठबन्धन बनेको छ । गठबन्धनकै कारण जनमोर्चाले समेत राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने अवसर पाउने देखिन्छ । प्रष्ट बहुमत रहेको लुम्बिनीमा जनमोर्चाले एक सांसदमा उम्मेद्वारी दिएको छ ।

एकीकृत समाजवादी र जनता समाजवादीले पनि गठबन्धनकै लाभ पाउँदै आएको छ । एकीकृत समाजका अध्यक्ष माधवकुमार नेपाल राष्ट्रियसभाको निर्वाचनबाट सुरु भएको गठबन्धनको सहकार्यले अरू निर्वाचनहरुमा समेत रहने बताउँछन् । राजधानीमा बुधबार आयोजित एक कार्यक्रममा अध्यक्ष नेपालले गठबन्धनका दलहरुबीच आगामी सबै निर्वाचनमा मिलेर जाने गरी छलफल भइरहेकोब ताए ।

काँग्रेस र माओवादी केन्द्र पनि गठबन्धनमै जान तयार रहेको बताउने नेपालले आफ्नो पार्टीमा प्रवेशको लहर चलेको र कतिपय दलहरु समाहित हुन आइरहेको बताए । “ठूलो संख्यामा संगठित सदस्य रहेका दलहरु पनि समाहित भइरहेका छन्”, अध्यक्ष नेपालले भने । अध्यक्ष नेपालले आफू निर्वाचित हुँदा र नहुँदा दुवै अवस्थामा आफूले काठमाडौं-२ को विकासमा चासो र अग्रसरता लिँदै आएको बताए ।

## सहमतिमा संघको नेतृत्व छान्न तामाङको संयोजकत्वमा १५ सदस्यीय कार्यदल

### पदाधिकारी र सल्लाहकारसहित २६ पद नै बाँडफाँडको योजना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्व सहमतिको आधारमा छनोट गर्न संघका पूर्व अध्यक्ष तथा राजनीतिक दल निकट संस्थाहरू सहमत भएका छन् । सहमतिमा नेतृत्व छनोट गर्ने विषयमा मोडालिटी तय गर्न संघका कार्यवाहक अध्यक्ष कमल तामाङको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरिएको छ ।

बुधबार संघको कार्यालय बत्तीसपुतलीमा ६ पूर्व अध्यक्ष, एक निवर्तमान अध्यक्ष तथा राजनीतिक दल निकट संस्थाका अध्यक्षसहित



करिब पाँच दर्जन अग्रज व्यवसायीहरूले संघमा यसअघिका दुई तिहाइ र पूर्ण बहुमत (क्लिन स्वीप)को नेतृत्व भएपनि व्यवसायीहरू राजनीतिक रूपमा विभाजित भएकाले

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### लकडाउन अघिका मात्रपत्रमा ६ महिनाको म्याद थप

**काठमाडौं/मस–** सरकारले रोजगारदाता मुलुकबाट २०७६ फागुनअघि वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन प्राप्त भएका मागपत्र कार्यन्वयनका लागि ६ महिनाको म्याद दिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले कोरोना भाइरस

– बाँकी पृष्ठ २ मा

### व्यवसायीबीच सहकार्यमा एकता समाजको जोड

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिमा आवद्ध व्यवसायीहरूले आपसी एकता र सहकार्यलाई बलियो बनाएर लैजाने प्रतिवद्धता जनाएका छन् । नेपाल वैदेशिक रोजगार

– बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

तलब आपसी समझदारीमा

यस म्यानपावर कम्पनीको लागि निम्न-लिखित कर्मचारी आवश्यकता भएको हुदाँ दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1. PRO :2 (Male/Female)
2. Manager :2 (Male/Female)
3. Accountant :2 (Male/Female)
4. Receptionist :2 (Female)
5. Documentation :2 (Male/Female)

म्यानपावर क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई ग्राहयता दिईनेछ ।

आर. बि. ओभरसिज प्रा. लि.
गोंगबु, काठमाडौं, फोन: ४३५०२१५, ४३५००४३
मो: ९८५१०२६१२२, ९८०१०७५७७१ इमेल: hr.rboverseas@gmail.com

# एकैदिन साढे दुई लाखले लगाए कोरोनाविरुद्धको खोप

**काठमाडौं/मस**-नेपालमा बुधबार एकैदिन साढे दुई लाख जनाले कोरोनाविरुद्धको खोप लगाएका छन्।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा.संगीताकौशल मिश्राले बुधबार दुई लाख ४६ हजार ३८५ जनाले खोप लगाएको जानकारी दिइन्। अहिलेसम्म कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा एक करोड ४७ लाख १७ हजार २२६ जना र पूर्ण मात्रा एक करोड आठ लाख चार हजार ४१३ जनाले लगाइसकेको मन्त्रालयले जनाएको छ।



यसैबीच बुधबार नेपालमा थप ४ सय ३५ जनामा कोरोना संक्रमण देखिएको छ।

मन्त्रालयका अनुसार १० हजार २६७ जनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण देखिएको हो।

उनका अनुसार अहिलेसम्म पाँच हजार २२५ जना सक्रिय संक्रमित रहेका छन्। पछिल्लो समय थप २३९ जना कोरोनाबाट निको भएर घर फर्किएका उनले बताइन्।

योसँगै निको हुनेको संख्या आठ लाख १३ हजार १७६ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै प्रवक्ता डा.मिश्राले पछिल्लो बुधबार संक्रमणबाट कसैको पनि निधन नभएको जानकारी दिइन्।

अहिलेसम्म ११ हजार ६०१ जनाको संक्रमणका कारणले निधन भएको छ। उनका अनुसार ५०० भन्दाबढी संक्रमण भएको जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन्। यस्तै २०० भन्दाबढी संक्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन्। यस्तै शून्य संक्रमित भएका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन्। नेपालमा संक्रमण दर १७ प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा चार हजार ८५२, संस्थागत आइसोलेशनमा ३७३, आइसियुमा ८४ र भेन्टिलेटरमा १४ जनाको उपचार भइरहेको छ।

# बढी शुल्क लिने मेडिकल कलेजलाई कारबाही

**काठमाडौं/मस**-सरकारले चिकित्सा शिक्षा आयोगबाट निर्धारितभन्दा बढी शुल्क लिने मेडिकल कलेजको सम्बन्धन खारेज गर्ने जनाएको छ। विभिन्न कलेजले बढी शुल्क लिने गरेको गुनासो आएको सन्दर्भमा मन्त्रालयले पटक-पटकको निर्देशन अवज्ञा गर्ने मेडिकल कलेजको समबन्धन खारेज गर्ने चेतावनी दिएको हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रायलका प्रवक्ता दीपक शर्माद्वारा बुधबार



जारी विज्ञप्तिमा भनिएको छ,' आयोगको निर्देशनलाई बेवास्ता गरी गैरकानुनीरूपमा विद्यार्थीबाट बढी शुल्क असुर गरिएमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ।'

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ (क) मा निर्धारितभन्दा बढी शुल्क लिएमा सम्बन्धन खारेज गर्न सकिने उल्लेख छ। चिकित्सा शिक्षाको एमबिबिएसलगायत शैक्षिक कार्यक्रमका लागि लिइने शुल्क राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ मा उल्लेख गरिएको छ। मन्त्रालय र आयोगले विद्यार्थीलाई तोकिएको भन्दा बढी शुल्क नबुझाउन आग्रह गरे पनि मेडिकल कलेजहरुले बढी शुल्क नबुझाए विद्यार्थीलाई परीक्षा दिन नै वञ्चित गराउँदै आएका छन्।

## सम्बन्ध...

बनएपछि दुई देशबीचको सम्बन्धमा तिक्तता देखिएको छ। नेपालले डेढ वर्ष अगाडि लिम्पियाधुरा सहितको नक्सा जारी गरेको छ। सीमा विवाद सँगै अन्य कतिपय सम्झौताका कारणले देखिएको समस्या हल गर्न पनि प्रधानमन्त्री देउवाको भ्रमण अवसर बन्न सक्छ।

## कोइराला....

देउवाले गएको शनिबार र आइतबार १३ जनालाई केन्द्रीय सदस्य मनोनीत गरे। ती सवै नेता देउवालाई सभापति जिताउन सहयोग गर्नेहरु मात्रै छन्। यसपछि भने कोइरालाले चेतावनी दिनेगरी आफ्नो समूहको भेला राखेका छन्। भेलामा कोइरालालाई अर्जुननरसिंह केसी, बलबहादुर केसी, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेताहरु चन्द्र भण्डारी, मीनेन्द्र रिजाल लगायत सहभागी थिए। महामन्त्री थापाले भागबण्डा नमागेको, तर न्याय माग्ने बताएका छन्।

## सहमतिमा ....

वैदेशिक रोजगार क्षेत्रका समस्याको समाधान गर्न असफल रहेको निष्कर्ष निकाल्दै संघमा सर्वसम्मतिले नेतृत्व छान्ने निर्णय गरिएको संघका कार्यवाहक अध्यक्ष तामाङले बताए।

कार्यवाहक अध्यक्ष तामाङले कोरोना भाइरस संक्रमणका कारण समस्यामा रहेका व्यवसायीहरूको आत्मबल बढाउन र व्यवसायी एकताको सन्देश प्रवाह गर्न सहमतिमा नेतृत्व छान्ने प्रक्रिया अगाडि बढाइएको बताए।

संघले पुस ३० गते हुन लागेको साधारणसभा र आगामी दुई वर्षे कार्यकालका लागि नेतृत्व छान्ने विषयमा छलफल शुरू भएपछि वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमिका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सहित अनुभवी वैदेशिक रोजगार व्यवसायीहरूले दलीय प्यानलका आधारमा संघको निर्वाचन गर्दा संघ कमजोर भएको भन्दै सहमतिमा नेतृत्व छान्न सुझाव दिएका थिए।

तामाङ नेतृत्वको संयोजकत्वमा गठित कार्यदलमा संघका पूर्व अध्यक्ष तारा प्रसाद भट्टराई, दिल प्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, तिलकबहादुर रानाभाट, बल बहादुर तामाङ, बिमल ढकाल, निवर्तमान अध्यक्ष रोहन गुरूङ सदस्य रहेका छन्। त्यसैगरी नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्चका अध्यक्ष राम प्रसाद भान्तना, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका अध्यक्ष सन्त कुमार लामा, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेन, वरिष्ठ व्यवसायी नवराज केसीलगायत रहेका छन् भने संघका सचिव मेघनाथ भुर्तेललाई कार्यदलको सदस्य सचिवको जिम्मेवारी दिइएको छ।

यसैबीच कार्यदलको पहिलो बैठक बुधबार संघको कार्यालयमा बसेको छ। बैठकले राजनीतिक दल निकट संस्थाहरूलाई पत्राचार गरी सहमतिको नेतृत्वबारे संस्थाको आधिकारिक धारणा पठाउन आग्रह गर्ने निर्णय गरेको छ। सदस्य सचिव भुर्तेलले अर्को बैठक बिहीबार अपराह्न बोलाइएको मध्यान्हलाई बताए। कार्यदलले संघको साधारणसभाले निर्वाचित गर्ने १७, कार्यसमितिको बैठकबाट अध्यक्षले मनोनयन गर्ने ४ जना र पाँच जना सल्लाहकार गरी सबै २६ पद बाडफाँड गर्नेछ।

सर्वपक्षीय छलफलमा उपस्थित अधिवक्ता देवराज कटुवालले विगतका मन्त्रीहरूका हचुवा निर्णय र कोरोनाका कारणले प्रायः धरासायी हुने अवस्थामा पुगेको वैदेशिक रोजगार व्यवसायलाई गति प्रदान गर्न राजनीतिक दाउपेचभन्दा माथि उठी सहमतिको नेतृत्व निर्माण गर्नु अपरिहार्य रहेको भन्दै सहमतिको प्रयास प्रशंसनीय रहेको टिप्पणी गरे।

कार्यदल गठन अघिको छलफलमा मञ्चका पूर्व अध्यक्ष नरेश गेलाल, एसोसिएसनका अध्यक्ष ढकाल, पूर्व अध्यक्ष कटुवाल, पोखरेल, गुरूङ, केसी, मञ्च अध्यक्ष राजेन्द्र भण्डारी, संगठनका महासचिव मधुकर रिजाल, अध्यक्ष लामालगायतले शक्ति सन्तुलनको आधारमा पद बाँडफाँड गरेर सहमतिमा जानुपर्ने भनाइ राखेका थिए।

## लकडाउन...

महामारी अघि प्राप्त भएका डिमान्ड पुनः प्रमाणीकरण गर्न खर्चिलो, झन्झटिलो र असम्भव प्रायः भएकाले व्यवहारिक कठिनाइका कारण ६ महिना कामदार पठाउन पाउने गरी म्याद थप गरिएको जानकारी दिए।

२०७६ फागुनअघि प्राप्त भएका मागपत्र कार्यान्वयनका लागि २०७८ मंसिर २२ देखि २०७९ जेठ २१ गतेसम्म कायम रहने गरी ६ महिना म्याद थप गरिएको हो। सरकारको यो निर्णयसँग कोरोना भाइरस महामारीका कारण गरिएको लकडाउन अघि प्राप्त भएका ३० हजार बढी मागपत्र कार्यान्वयन हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक अध्यक्ष कमल तामाङले जानकारी दिए। वैदेशिक रोजगारी सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका २०७५ अनुसार निर्णय गरिएको मन्त्रालयले जनाएको छ।

कोरोना भाइरस महामारीका कारण सरकारले २०७६ फागुन २६ गतेबाट वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन रोक लगाइएको थियो। अहिले अन्तर र्ष्ट्रिय उडान संचालन भइरहेको तथा रोजगारदाता मुलुकबाट श्रमिकको माग भइ आएकोले पहिले नै प्राप्त भएका मागपत्र अनुरुप श्रमिक पठाउन ६ महिनाको म्याद थप गरिएको हो।

## व्यवसायीबीच...

व्यवसायी संघको साधारणसभा र निर्वाचनको पूर्वसन्ध्यामा समितिले बुधबार साँझ गरेको भेलामा सहभागीहरूले व्यवसायीहरू बीचका आपसी सम्बन्ध बलियो गराउनुपर्नेमा जोड दिँदै संघको आगामी निर्वाचनमा सहमति नभई चुनाव भएमा समाजमा आवद्ध व्यवसायीलाई सकेसम्म धेरै उम्मेदवार बनाउने तर एउटै पदमा प्रतिस्पर्धा नगरी जानुपर्ने सुझाव राखेका थिए। भेलालाई समिति अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्री, महासचिव तारानाथ अर्याल, उपमहासचिव हरिश कुँवर, सल्लाहकार पदमराज पौड्यालगायतका व्यवसायीले सम्बोधन गरेका थिए। भेलाले साउदीस्थित दूतावासमा भिसा स्ट्याम्पिङमा व्यवसायीहरूलाई घामपानीमा खुला आकाश मुनि उभ्याइने गरेको भन्दै संघमार्फत नभए समितिकामार्फत समाधान खोज्नुपर्ने निष्कर्षसमेत निकालेको छ। विगतमा तिनजुरे पहिरो पीडित, महाभूकम्प पीडित र बाढी पहिरोबाट विस्थापितलाई सहयोग तथा पटकपटक रक्तदान कार्यक्रम गरेको स्मरण गर्दै समाजले संघको साधारणसभा पछि सामाजिक उत्तरदायित्वका कार्यक्रम अघि बढाउने बताएको छ।

# रैथानेबाली प्रवर्द्धन कार्यक्रम शुरु

**हेटौँडा/मस**-मकवानपुरगढी गाउँपालिकाले कृषिमा आत्मनिर्भर बनाउन रैथानेबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा ल्याएको छ।

पछिल्लो समय गाउँपालिकाका विभिन्न स्थान आन्तरिक पर्यटकको गन्तव्य बनेसँगै पर्यटनलाई कृषिसँग जोड्दै कार्यक्रम ल्याइएको जनाइएको छ। गाउँपालिकाको कार्यालयले पालिकाभित्र सञ्चालित होटल, घरवास (होमस्टे), रेष्टुरेन्ट तथा खाजाघरका सञ्चालकलाई कोदो र फापरको परिकार बनाउनको लागि तालिम दिन शुरु गरेको छ।

गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अनुसार कृषि विकास कार्यक्रम संघीय सशर्ततर्फ 'रैथाने बाली प्रवर्द्धन कार्यक्रम' कार्यान्वयनमा ल्याएको हो। प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले पालिकालाई दूध, तरकारी तथा अन्नबालीमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम ल्याइएको जानकारी दिए।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

## परियोजना कार्यान्वयन एकाई

**उदयपुर**

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०९।२२**

**सूचना नं. ०८/२०७८।७९**

यस कार्यालयबाट आ.व.२०७८।७९ का लागि सिलबन्दी दरभाउपत्र मार्फत तपसिल बमोजिमको अदुवा, वेसार र मकैको बीउ खरिद गर्नुपर्ने भएकोले १५(पन्ध्र) दिने अवधि राखी प्रथम पटकको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | बीउको नाम | बीउको जात | आपुर्ति गर्नुपर्ने अनुमानित परिमाण (किलोग्राम) | कुल लागत अनुमान रकम रु. | जम्मा गर्नुपर्ने धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१/२०७८/७९ | अदुवाको बीउ | कपुरकोट १ वा २ | १३८७० | १९,७६,००० | ५९,२८० | कुल रकमको ५० प्रतिशत रकम कृषकबाट र ५० प्रतिशत रकम कार्यालयबाट भुक्तानी हुनेछ। |
| | बेसारको बीउ | कपुरकोट हलेदा १ वा २ | १४४४० | | | |
| ०२/२०७८/७९ | मकैको बीउ | रामपुर हाईब्रिड २, ४, ६, ८, १० | ८० | १४,३५,५०० | ४३,०६५ | कुल रकमको ५० प्रतिशत रकम कृषकबाट र ५० प्रतिशत रकम कार्यालयबाट भुक्तानी हुनेछ। |
| | मकैको बीउ | टि एक्स ३६९ | २५३० | | | |

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन ( २०७८ माघ ७ गते ) कार्यालय समयसम्ममा प्रति ठेक्का रु १००० रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद साथ संस्था दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर र स्थायी लेखा दर्ता प्रमाणपत्र आ.व. २०७७।७८ सम्मको करचुक्ता प्रमाणपत्र, बीउको श्रोत खुल्ने कागज, कृषि प्राविधिकको निरीक्षण प्रतिवेदन र बीउ बीजन व्यवसाय अनुमतिपत्रको प्रतिलिपिहरु संलग्न राखी इच्छुक फर्म सहकारी र समुह वा कम्पनीको आधिकारिक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सक्नेछ।
२. धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरको नाममा रहेको धरौटी खाता नं. **2090100102030000** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।
३. खरिद भएको दरभाउपत्रका प्रत्येक पानामा सहिछाप र सिलबन्दी गरी खाम बाहिर फर्म संस्था वा कम्पनीको नाम ठेगाना र ठेक्काको नाम नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औ दिन (२०७८ माघ ८ गते ) दिनको १ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ।
४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २ बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको रोहवरमा खोलिने छ दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तत् तत् समयमा गरिनेछ।
६. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट सँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।
७. दरभाउपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित दरभाउपत्र दाता फर्म, संस्था वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ र सो कारणबाट दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन दरभाउपत्र आह्वान गर्ने अधिकार कार्यालयमा सुरक्षित रहने छ।
८. आपुर्तिकर्ताले बीउ बीजन ऐन, २०४५, बीउ बीजन नियमावली, २०६९ र बीउ बीजन प्रमाणिकरण निर्देशिका, २०७४ लगायत बीउबीजन गुणस्तर नियन्त्रण सँग सम्बन्धित अन्य कानुनी तथा नीतिगत व्यवस्था हरुको अधीनमा रही बीउको गुणस्तर कायम गर्नु पर्नेछ।
९. एउटै आपुर्तिकर्ता बाट सम्पुर्ण बीउ आपुर्ति हुन नसक्ने अवस्थामा न्युनतम मुल्यको बढ्दो क्रममा आपुर्तिकर्ता छनौट गरिने छ।
१०. अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको प्रचलित कानूनको अधीनमा रही गरिएको यस कार्यालयको निर्णय अन्तिम हुनेछ।
११. कार्यालयले आवश्यकता अनुसार फरक फरक जात वा एउटै जात आंशिक रुपमा खरिद गर्न सक्नेछ।अन्य थप शर्त तथा जानकारीका लागि दरभाउपत्र फारम तथा कार्यालयमा सम्पर्क राख्नु होला।

**राम सोगारथ साह**
**बरिष्ठ कृषि अधिकृत**



## Invitation for Bids

## Harinagar Rural Municipality

### Office of the Rural Municipal Executive

**Harinagara, Sunsari**

**Invitation for Bids for the "Construction of Asphalt concrete road, Old Ramnagar Bhutaha-1 -Mugal house-West of Raffik house to Hulaki Rajmarg."**

**Contract Identification No: HRMROADS/C/NCB/09/2078-079**

**Date of publication: 06th Jan 2022**

1. Harinagar rural municipality, office of the rural municipal executive invites Online Bids under e- procurement system from eligible Bidders for *"Construction of Asphalt concrete road, Old Ramnagar Bhutaha-1 -Mugal house-West of Raffik house to Hulaki Rajmarg."* under National competitive Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bid document at the office of Harinagar Rural Municipality, sunsari or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding Document is available online and can be downloaded from e-gp system www.bolpatra.gov.np/egp . Interested Bidder should deposit the cost of Bidding Document 3000.00 NRs. in the following specified Bank.
   **A. Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara**
   **B. Name of the office : Harinagar rural municipality**
   **C. Revenue Account No : 0602401311171092**
4 Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 12.00 Noon **at 04rd Feb 2022.** Bidders are required to follow the electronic Bid submission procedure as specified in e-gp system.
5. Online Bids shall be opened in the presence of Bidders representatives who chooses to attend on 14.00 PM of **at 04rd Feb 2022** at Harinagar Rural Municipality office . Bids must be valid for a period of 90(Ninety) day of Bid opening and must be accompanied by Bid security as specified below .which shall be valid for minimum 30 days beyond the Bid validity period. The scanned copy of Bid security should be uploaded in the e-gp system during Bid submission. information to deposit Bid security amount in Bank.
   **Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara**
   **Dharauti khata No. : 0602401311171041**
6. Pre-bid meeting shall not be held.
7. If the office happens to be closed on the date of opening of the Bids as specified, the Bids will be opened on the next working day at the same time and venue.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning reason whatsoever.
9. Matters not covered by this Notice shall be in accordance with PPA, PPR and prevailing Laws.

| contract No./ID | Descripson of work | Bid security Ammount (NRs.) | Cost estimate {without VAT andcontingency}(NRs.) |
|---|---|---|---|
| HRMROADS/C/NCB/09/2078-079 | *"Construction of Asphalt concrete road, Old Ramnagar Bhutaha-1 -Mugal house-West of Raffik house to Hulaki Rajmarg."* | 1,53,000.00(One lakh fifty three thousand Only) | 52,65,924.01 (fifty two lakh sixty five thousand nine hundred twenty four and paisa zero one) |

**Acting Chief Administrative Officer**

# खोप वितरणमा गौर नगरपालिका प्रदेश २ मै अगाडि



## रौतहट डायरी
इसत्याक अहमद/मध्यान्ह

प्रदेश २ का स्थानीय तहहरुमध्ये गौर नगरपालिका कोभिडविरुद्धको खोप वितरणमा अग्रणी स्थानमा रहेको पाइएको छ। पुस १८ गते कोभिड १९ विरुद्धको खोप कार्यक्रम अभिवृद्धिका लागि प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम तथा प्रदेश निर्देशक समितिको बर्दिवासमा सम्पन्न बैठकमा प्रदेश नं २ का पालिकाहरुमध्ये सबभन्दा बढी गौर नगरपालिकाले खोप वितरण गरेको जानकारी गराइएको हो।

कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पुस मसान्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड १९ विरुद्धको खोप दिनुपर्ने राष्ट्रिय लक्ष्यलाई पूरा गर्न प्रदेशभित्र युद्धस्तरमा खोप कार्यक्रम संचालन गर्नु पर्नेमा जोड दिएका थिए। रौतहटको सबभन्दा पुरानो गौर नगरपालिकाले कोरोना १९ विरुद्धको खोप वितरणमा प्रदेश नम्बर २ को आठ जिल्लामध्ये अग्रस्थानमा रहेको नगर प्रमुख अजय कुमार गुप्ताले जानकारी दिए।

गौर नगरपालिकाका मेयर गुप्ताको बारम्बारको प्रयासले प्रदेश नम्बर २ मै कोभिड १९ विरुद्धको सबभन्दा बढी खोप लिनेको संख्यामा वृद्धि पनि भएको छ। नगर प्रमुख गुप्ताले नगरवासीको स्वास्थ्य तथा ज्यान सुरक्षाको लागि गरेको मेहनत एवं कुशल व्यवस्थापनले यो सफलता हासिल गरेको नगरवासीको भनाई छ।

कोभिड १९ विरुद्धको खोप ३५ हजार ८ सय ९ वटा डोज वितरण भइसकेको र त्यसमध्ये १८ वर्ष भन्दामाथि ३१ हजार ३ सय २७ र नगरपालिका मातहत रहेका विद्यालयमा अध्ययनरत १२-१७ वर्षसम्मका विद्यार्थीलाई ४ हजार ४ सय ८२ डोज लगाइएको नगरपालिकाका जनस्वास्थ्य प्रमुख प्रमोद राय यादबले जानकारी दिए।

उनले १० हजार विद्यार्थीलाई खोप उपलब्ध गराउने लक्ष्य नगरपालिकाको रहेको पनि जानकारी गराए। नगर प्रमुख गुप्ताले जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकलाई कम्बल, हर्लिक्स, टर्चजस्ता आवश्यक सामग्री बितरणसहित दोसल्लाले सम्मान पनि गर्दै आइरहेका छन्। 'जेष्ठ नागरिक सम्मानका पात्र हुन्', नगर प्रमुख गुप्ताले भने, 'उहाँहरुलाई सम्मान गर्नु छोरा छोरीको कर्तव्य हो।'

जेष्ठ नागरिक अभिभावकको रुपमा रहेकोले सम्मान गर्न पाउँदा आफू गौरवान्वित भएको बताउँदै प्रमुख गुप्ताले सबैले सम्मान गर्नुपर्ने सन्देश दिनको लागि यस्तो अभियान संचालन गरिएको बताए।

गौर नगरपालिका वडा नं. १, २, ३, ४ र ६ का जेष्ठ नागरिकलाई सम्मानित गरिएको छ भने बाँकी वडा र अभियान ७० वर्ष पुगि सकेका नागरिकको विवरण आएकालाई सम्मानित गर्ने कार्यक्रम चलिरहेको एवं ७० वर्षका नागरिक छुट परेकालाई विवरणमा समावेश गराउन समेत नगरवासीलाई सुसूचित गराएको नगर प्रमुख गुप्ताले जानकारी दिए। अत्याधिक चिसो बढ्नसाथ गौर नगरपालिका मेयर गुप्ताले रौतहटको सदरमुकाम गौरमा रहेको कार्यालयमा आएका सेवाग्राही एवं नगरवासीलाई समेत चिसोबाट बच्न चोक चोकमा दाउरा व्यवस्थापन गरेका थिए।

आगो तापेर चिसोबाट बच्न बजारको हरेक चोक चोराहामा दाउरा खसालेर नगरपालिका कर्मचारीहरुले आगो बाली सेवाग्राहीहरुलाई सहयोग गरेका थिए।

प्रदेश न.२ मा पहिलो रौतहट जिल्लाको स्थानीय तहहरु मध्ये गौरनगरपालिकाले विश्वको कुनै पनि कुनाबाट विद्युतीय प्रविधिबाट भुक्तानीमार्फत विल तिर्न सकिने सेवा शुभारम्भ भइ सकेको मेयर गुप्ताले बताए। प्रमुख गुप्ताको विशेष पहलमा बिद्युतीय प्रविधिबाट भुक्तानी सेवा शुरु गरिएको हो।

गौर नगरपालिकाको वडाहरुबाट काटिँदै आएको विभिन्न प्रकारका सेवा वापतको रसिद जस्तैः मालपोत कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसायिक करहरु अब घर बसिबसि विभिन्न इलेक्ट्रोनिक सेवामार्फत विल तिर्न सकिने नगरपालिकाले सेवा शुरु गरेको नगर प्रमुख अजय गुप्ताले बताए।

# एक हजार बढी मुद्दा फछ्र्यौट हुन बाँकी

प्रकाश अधिकारी/मध्यान्ह
तनहुँ, २१ पुस

जिल्ला अदालत तनहुँमा एक हजार ७७ मुद्दा फछ्र्यौट हुन बाँकी रहेका छन्। कोरोना नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दी र निषेधाज्ञा कारण लामो समयसम्म बिदा हुँदा सो मुद्दा फछ्र्यौट हुन बाँकी रहेको अदालतले जनाएको छ।

कोरोना संक्रमणको जोखिम कम भएपछि मुद्दा फछ्यौटमा तिव्रता आएको छ। गत वर्षको जिम्मेवारी सरेर आएका ९५९ र नयाँ दर्ता भएका ६१७ गरी कूल एक हजार ५७६ मुद्दामध्ये ४९९ फछ्यौट भएको जिल्ला अदालत तनहुँका सूचना अधिकारी हरिश्चन्द्र गौतमले बताए।



६ महिनाभित्रका ४१२, छ महिनादेखि बाह्र महिनाभित्रका २८७, बाह्र महिनादेखि अठार महिनाभित्रका १४४, दुई वर्ष नाघेका १३० र अठार महिनादेखि दुई वर्ष नाघेका १०४ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ। यसैगरी, ६ महिनाभित्रका २७१, छ महिनादेखि बाह्र महिनाभित्रका १०२, बाह्र महिनादेखि अठार महिनाभित्रका ३२, अठार महिनादेखि दुई वर्षभित्रका ४७ र दुई वर्ष नाघेका ४७ गरी ४९९ मुद्दा फछ्र्यौट भएको सो अदालतले जनाएको छ।

पछिल्लो समयमा सम्बन्ध विच्छेदका मुद्दासमेत बढ्दै गएको सूचना अधिकारी गौतमले जानकारी दिए। रोजगारीको सिलसिलामा विदेशमा रहेका श्रीमान् स्वदेशमा आएपछि श्रीमान् श्रीमतीबीच सम्बन्धविच्छेद हुने गरेको उनको भनाइ छ। त्यसैगरी, जिल्लामा जबरर्जस्ती करणीका मुद्दा पनि अत्यधिक मात्रामा दर्ता हुने गरेको उनले बताए।

# सीमा क्षेत्रमा नेपाली युवकको शव फेला

भारतीय सिमा क्षेत्र बैरगनिया थानाको नन्दबारामा एक नेपाली युवक शव भेटिएको छ। रौतहट सदरमुकाम गौर नगपालिका ३ निवासी रोहित जैसवालको हत्या गरिएको अवस्थामा शव भेटिएको हो। उनको शव बोरामा भेटिएको बैरगनिया प्रहरीले जनाएको छ। शवलाई पोस्टमार्टमका लागि सदर अस्पताल सितामढी पठाइएको छ। प्रहरीले घटनामा संलग्न एक युवकलाई पक्राउ गरेको छ। हत्यामा अन्य व्यक्तिको पनि संलग्न रहेको खुलेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## कर्मचारीहरु हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Marigold Overseas Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ६६८/०६३/०६४)** मा कार्यरत **अमिर थुलुङ्ग र टेक नारायण श्रेष्ठ** लाई मिति २०७८/०९/२० देखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज **अमिर थुलुङ्ग र टेक नारायण श्रेष्ठ** सँग कुनै आर्थिक लेनदेन भएमा यस कार्यालय, विभाग वा तलको सम्पर्क नम्वरमा ३५ दिनभित्र सम्पर्क गर्नुहोला। अव उप्रान्त यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

**Marigold Overseas Pvt. Ltd.** (श्रम इजाजत पत्र नं. ६६८/०६३/०६४)
सिनामंगल-९, काठमाडौं, सम्पर्क नं.: ०१-४४९९१२२, ४४८५१८८, ४४८५२८१


## साउदीमा रोजगार | कम्पनी: AZZAM AND GHAZAL MEALS EST शहर: KSA

पुर्व स्वीकृत मिति : २०७८/०९/२१ चलानी नं.: ६०१७२१४३ L.T. No.: 255403

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | General Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ४७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २९ गते (13 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Ajeets Management and Development Company Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Slesh Mantak Marga, Sinamangal-9, Panchakumari Mandir Kathmandu
Phone : 014579390, 4579391, 9851205588, 9863197435
E-mail : nepalajeets@gmail.com


## संयुक्त साधारणसभा बस्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रस्तुत विषयमा यस महाङ्काल गाउँपालिका वडा नं.-३, गोटिखेल स्थित शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. महाङ्काल गा.पा. ३, (दर्ता नं. ५९/०५३/०५४ मिति २०५३/१०/२२ पान नं. ३०३१६०८७४), विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. महाङ्काल गा.पा. ३, (दर्ता नं. ४४७/०६४/०६५ मिति २०६५/०३/२५ पान नं. ३०४१३४५९७), नमुना पशु विमा सहकारी संस्था लि. महाङ्काल गा.पा. ३, (दर्ता नं. २३९/०६२/०६३ मिति २०६२/०९/१० पान नं. ३०३१६८२३८), गोटिखेल महिला बचत तथा ऋण सहकारी संस्था लि. महाङ्काल गा.पा. ३, (दर्ता नं. १०४/०५७/०५८ मिति २०५७/४/२६ पान नं. ३०३१६८३४४) बिच सहकारी संस्था एकीकरण गर्नको लागि मिति २०७८ साल मंसिर २२ गते बसेको चारवटै संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठकको निर्णय अनुसार उल्लेखित चारवटै संस्थाको संयुक्त साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकाले उक्त व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाईएको छ। यदि कुनै सदस्यले पत्र प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधिकारीक मानी **संयुक्त साधारणसभा**मा उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

★ **सभा सम्बन्धी विवरण**

- मितिः२०७८ साल पौष २४ गते शनिबार
- समयःदिउसो ठीक २:०० बजे
- स्थानःकोप रिर्सोटको सभाहल

### प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
### प्रदेश नं.१, विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति २०७८/०९/२२**

यस कार्यालयको मिति २०७८/०७/२३ मा प्रकाशित बोलपत्र आवहान सम्बन्धी सुचना अनुसार बिधुतीय बोलपत्र प्रणाली (**e-GP**) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस अनुसार देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यून्तम मूलयांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपव स्वीकृत गरीने भएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | आयोजनाको नाम | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| १. | IDO/MOR/NCB/ W- 03/078/79 | Katahari Ga. Pa. 3 ra 2 bhitrako Janpath Marg Janprit Ma. Bi. Pachhadi dekhi Lohondra musari paschim singiya khola samma kalopatre , Morang | Himalayan Infrastructure and Construction, Biratnagar, Morang | NRs. 27,27,681.84 |
| २. | IDO/MOR/NCB/ W- 04/078/79 | Construction of Gramthan-1 Lakhantari Gokuwa Pul Purwa gai Pidarbani, Singraha Thalhahurhuriya Marcheniya Motipur Lohondra Khola Purwa Borabagh hudai Pochani Sammko Sadak , Morang | Nikita and Raj Construction Pvt. Ltd, Paschim Kushaha | NRs. 23,72,696.18 |
| ३. | IDO/MOR/NCB/ W- 06/078/79 | Upgrading Road Construction works from kharji,jola tole to Ekarahi yadav tole Road , Morang | Nikita and Raj Construction Pvt. Ltd, Paschim Kushaha | NRs. 23,19,776.13 |
| ४. | IDO/MOR/NCB/ W- 08/078/79 | Construction of Aaitabare-jhar saadi- tandi-madhumala sadak, Morang | Miklu Construction and SuppliersPvt. Ltd., Morang | NRs. 30,33,323.30 |
| ५. | IDO/MOR/NCB/ W- 09/078/79 | Construction of Itahari sub Metro politancity wada no 3 to Dharan Sub Metro politan city Panmara Road (Itahari Panmara Sunsari Road ), Sunsari | Shree Krishna Nirman Sewa, Itahari-9, Pashupati Chowk | NRs. 25,00,327.78 |
| ६. | IDO/MOR/NCB/ W- 010/078/79 | Construction of Dharan 11 Manglabare Dharan 20 Bishnupaduka Bhanjyang , sulikota , hundai Barahachetra jane Road Sunsari Road ), Sunsari | Solma Shrestha Laxmi Nirman Sewa, Trhathum | NRs. 27,52,903.12 |
| ७. | IDO/MOR/NCB/ W- 012/078/79 | Construction of Dharan-4 kaatepul purbe-5 ko devi gaun siran road, Sunsari | Shyam Construction Pakhribas | NRs. 27,35,303.88 |
| ८. | IDO/MOR/NCB/ W- 013/078/79 | Construction of Raktaman Tol Turke Kumar gaun Laxmipur Haraicha Bazaar Paschim Karaibana hundai Bhutai Tol road, Morang | Jay Bhairabi Construction, Belbari-02 | NRs. 20,27,635.35 |
| ९. | IDO/MOR/NCB/ W- 015/078/79 | Road Construction of Aaitabare chalisha bighe laxmichowk paribartan tol manechowk samir naka safilal tol bhaisa bajjar nepal tol sundarbasti bayarban bajjar narayan chowk pingdada shivalaya tol sukrabare hudai aaitabare sadak, Morang | Durga Nirman Sewa, Rangeli | NRs. 30,84,723.75 |
| १०. | IDO/MOR/NCB/ W- 016/078/79 | Construction of Belechauri Bhaluwa hundai Lakha Sadak, Morang | Jay Bhairabi Construction, Belbari-02 | NRs. 25,40,696.71 |
| ११. | IDO/MOR/NCB/ W- 017/078/79 | Construction of Belabari Fadani Rajarani Road, Morang | Jay Bhairabi Construction, Belbari-02 | NRs. 25,45,269.32 |
| १२. | IDO/MOR/NCB/ W- 018/078/79 | Biratnagar-5 Kochakhal hudai Santi Chowk BFm Keshaliya Road hudai sunsari jodne Sadak, Morang | Himalayan Infrastructure and Construction, Biratnagar, Morang | NRs. 26,76,253.39 |

प्रमुख प्रशासकिय कधिकृत


**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौ

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### बल्झिरहने घाउ

नेपालको राष्ट्रिय क्रिकेट टीममा देखिएको समस्या तत्काललाई हल भएको छ । नेपाल क्रिकेट संघ (क्यान) र खेलाडीहरूबीच देखिएको समस्या तत्काललाई हल भएपछि बन्द प्रशिक्षण शुरू भएको छ । क्यानले ज्ञानेन्द्र मल्ललाई कप्तान र दीपेन्द्रसिंह ऐरीलाई उपकप्तान हटाएर सन्दीप लामिछानेलाई कप्तानको जिम्मेवारी दिएका छन् । अष्ट्रेलियामा फ्रेन्चाइजी खेलिरहेका लामिछानेले नयाँ जिम्मेवारी कुशलताका साथ निर्वाह गर्ने प्रतिक्रिया दिएका छन् । तर मल्ल र ऐरी सहितका खेलाडी भने क्यानको निर्णयप्रति असन्तुष्ट थिए । उनीहरूले खेल नै छोड्नेसम्मको असन्तुष्टि जनाएका थिए । तर क्यान र खेलाडीहरूबीच सहमति जुटेपछि मल्ल र ऐरी सहितका खेलाडी पनि बन्द प्रशिक्षणमा फर्किएका छन् ।

यसले तत्काललाई राष्ट्रिय क्रिकेट टीमको समस्या हल भएको देखिएको छ । तर विवाद देखिएपछि यसको असर भने पर्ने नै भयो । डिभिजन ५ देखि एक दिवसीय मान्यतासम्मको यात्रा पार गरेको क्रिकेटमा देखिएको विवादको असर खेलमा देखिए भने त्यो मुलुककै निम्ति दुभार्ग्य हुनेछ । किनकि नेपाली क्रिकेटले यसअघि पनि ठूलो क्षति बेहोरिसकेको छ । क्यानमा देखिएको विवादकै कारण नेपाली क्रिकेट आईसीसीको निलम्बनमा परेको थियो । राजनीतिक कोपभाजन बढ्दै जाँदा भ्रष्टाचारको आरोप क्यान नेतृत्वले खेप्यो । जसको असरकै कारण नेपाली क्रिकेटले निकै ठूलो क्षति बेहोरेको छ । तर फेरि पनि क्यान नेतृत्व र प्रमुख खेलाडीहरूबीच देखिएको समस्याले चिन्तायोग्य छ ।

खेल राष्ट्रियतालाई मजबुत बनाउँदै अन्तर्राष्ट्रिय जगतमा मुलुकलाई चिनाउन क्षेत्र पनि हो । तर क्यान नेतृत्वमा पुग्नेहरूको स्वार्थ र नेतृत्वबाट न्याय नपाएको खेलाडीको गुनासोले क्रिकेटको गति रोकिने खतरा उत्तिकै छ । किनकि अब टीममा प्रष्ट दुई समूह देखिने संभावना छ । एउटा क्यानले विश्वास गरेको समूह र अर्का असन्तुष्ट समूह । यदि त्यसो हुन गएमा नेपाली क्रिकेटले राम्रो नतिजा नल्याउन सक्छ । अथवा पहिले भन्दा ठूलो क्षतितिर नेपाली क्रिकेट उन्मुख हुन सक्छ । त्यसैले क्यान क्रिकेटको उन्नयन नभएर बर्बादीको संस्था बन्न पुगेको आरोप लाग्न सक्छ भने खेलाडीहरूले पनि नेपालीको विश्वास गुमाउन सक्छन् । अतः क्यान नेतृत्वमा पारदर्शिता जरूरी छ भने खेलाडीहरूमा अनुशासनको खाँचो छ । त्यसले मात्रै नेपाली क्रिकेटलाई थप उचाइमा लैजान सक्छ ।

# एमसीसी सम्झौता र राष्ट्रघात

सुगौली सन्धिदेखि १९५० को सन्धि हुँदै कोशी, गण्डकी अनि एकीकृत महाकाली सन्धिसम्मका सन्धि सम्झौताहरू पारित भएका छन् । ती सन्धि सम्झौता पारित गर्ने कार्यमा संलग्न हुनेहरूलाई निहित एवं सत्तास्वार्थका निम्ति विदेशी सामु आत्मसमर्पण गर्नुमा कुनै दुःख, लाज र पश्चाताप महसुस भएको र हुने गरेको पाइदैन ।

अग्रलेख



● कृष्ण बेलबासे

देशमा एमसीसीको मुद्दालाई लिएर व्यापक बहस र विवाद चलेको छ । यस किसिमको बहस र विवाद उक्त सम्झौतामा भएका प्रावधान र सम्झौताको अनुमोदनको विषयलाई केन्द्र बनाएर चल्ने गरेको छ । यस आधारमा उक्त सम्झौताको पक्ष र विपक्षमा जबरजस्त मत प्रकट भइरहेको पाइन्छ । यसैक्रममा बिगत केही समयदेखि उक्त सम्झौताको विरोधमा केही राजनीतिक पार्टीहरू र जनसमुदायको तर्फबाट सडक आन्दोलनसमेत चलिरहेको छ । यससँगै उक्त सम्झौताको पक्षमा सार्वजनिक रूपमा आफ्नो अभिमत प्रकट गर्नेहरूमा केही व्यक्ति समेत रहेका छन् । तर, उक्त सम्झौतामा हस्ताक्षरसँगै कार्यान्वयनको प्रक्रियालाई अगाडि बढाइरहेको सरकारी पक्षबाट भने जनतालाई सुसूचित गर्दै उनीहरू बीच कायम शंकालाई निवारण गर्ने हेतुले वास्तविक तथ्य वा जानकारी सार्वजनिक गर्नुको सट्टा गैरजिम्मेवार अभिव्यक्तिहरू मात्र प्रकट भएको पाइन्छ । सरकारमा बसेकाहरूले झारा टार्ने प्रयोजनले छद्म/छुद्र कुरा मात्र व्यक्त गरिरहेका छन् । यसबाट तिनीहरूलाई विदेशीको दलाली बाहेक देश र जनताप्रतिको आफ्नो जिम्मेवारीका बारेमा कुनै चासो छैन भन्ने कुरा स्पष्ट हुन आउदछ ।




देशमा एमसीसी परियोजनालाई लिएर विभिन्न किसिमका धारणाहरू व्यक्त भइरहेको पाइन्छ । एउटा धारणा उक्त परियोजनाको विरोधमा रहेको छ । यस पक्षमा केही राजनीतिक दल र नागरिक अभियन्तासँगै उल्लेख्य संख्यामा जनसमुदाय रहेको पाइन्छ । तिनीहरूले एक त एमसीसी परियोजना अमेरिकी सरकारको सैन्य रणनीतिको हिस्सा भएको र अर्को यसका कतिपय प्रावधानहरू नेपालको राष्ट्रिय सार्वभौमसत्ता विरोधीसमेत रहेकाले यो राष्ट्रहितको पक्षमा छैन भनेका छन् । त्यसैले यसलाई अस्वीकार गर्नुपर्दछ । यदि त्यसो गरिएन भने देश विदेशी शक्तिको क्रिडास्थल हुने भएकोले आफूहरूले त्यसको सशक्त प्रतिवाद गर्ने भन्दै संचार माध्यमहरूमार्फत विरोध प्रकट र सडक आन्दोलनमा समेत उत्रिएको पाइन्छ ।

दोश्रो पक्ष, एमसीसी परियोजना नेपालको जलस्रोत विकासको माध्यमबाट मुलुकको विकासमा सघाउने उपयोगी र प्रभावकारी कदम हो । त्यसैले यसको विरोध गर्नेहरू कमजोर सोंचयुक्त र देशको विकास विरोधीहरू हुन् भन्ने मतसहित अगाडि आएको पाइन्छ । यस किसिमको मत व्यक्त गर्नेहरूले एमसीसी कुनै सामरिक एवं रणनीतिक योजनाको अंश नभएर पूर्णतः विकास परियोजना हो भन्ने कुरामा जोड दिइरहेका छन् । यसो गर्नेहरूमा पश्चिमा शक्तिको बलमा सत्ता सुख र अन्य अवसरको उपयोग गर्नेहरू रहेका पाइन्छन् । तेस्रो मत, एमसीसी परियोजना अनुदान सहायतासँग सम्बन्धित भए तापनि उक्त परियोजना संचालनका लागि गरिएको सम्झौतामा भएका कतिपय प्रावधानहरू राष्ट्रहित अनुकुल नरहेका हुनाले यसलाई त्यत्तिकै पारित गर्न मिल्दैन । त्यसैले यसका केही प्रावधानहरूलाई संशोधन गरेपछि मात्र पारित गर्नु उपयुक्त हुनसक्छ भन्ने रहेको छ । यस्तो मत प्रकट गर्नेहरूमा केही दल र दल आबद्ध व्यक्तिहरू रहेका छन् । यसमध्येका केहीले त आफुहरूले सो सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरी सरकार समक्ष प्रस्तुत गरिसकेको कुरासमेत सार्वजनिक गरेका छन् । चौथो, सत्ता स्वार्थका निम्ति विदेशी दलालीलाई मुख्य आधार ठान्ने छद्म राजनीतिक आवरणयुक्त केही व्यक्तिहरू भने ढुलमूल र फर्जी मतसहित रहेका पाइन्छन् । तिनीहरू आन्तरिक रूपमा एमसीसी सम्झौतालाई पारित गर्ने पक्षमा रहेका भए तापनि आफ्नै दलका केही सदस्यहरू र जनता दुवै त्यसको विरोधमा रहेका कारण स्पष्टरूपमा खुल्न सकेका छैनन् । तापनि तिनीहरूले पहिले नै अमेरिकी सरकार सामु उक्त सम्झौता पारित गर्न सघाउने प्रतिबद्धता जनाइसकेका छन् । तर, व्यवहारमा अवस्था हेरी रंग बदल्ने कार्य गरिरहेका छन् । यो अवसरवादी खेल हो ।

नेपालमा एमसीसी परियोजनालाई लिएर त्यसका समर्थक, विरोधी, मध्यमार्गी/दोधारे र अवसरवादी चार खाले प्रवृत्तिहरू देखा पर्नु कुनै नयाँ कुरो होइन । यस पछाडिको मूल कारण/प्रवृत्ति बुझ्नका लागि विगतमा छिमेकी मित्र/दुश्मन दुवै राष्ट्रहरूसँगका सन्धि सम्झौता सम्पन्न/पारित गर्ने सन्दर्भमा अपनाइका प्रक्रियालाई हेर्नु उपयुक्त हुनेछ । यहाँ प्राचीनकालदेखि नै सत्ता र निहित स्वार्थसिद्धिका निम्ति विदेशी शक्ति सामु शीर निहुराएर सन्धि सम्झौता गर्ने प्रवृत्ति रहेको छ । यसक्रममा सुगौली सन्धिदेखि १९५० को सन्धि हुँदै कोशी, गण्डकी अनि एकीकृत महाकाली सन्धिसम्मका सन्धि सम्झौताहरू सम्पन्न/पारित भएका छन् । ती सन्धि सम्झौता सम्पन्न/पारित गर्ने कार्यमा संलग्न हुनेहरूलाई निहित एवं सत्तास्वार्थका निम्ति विदेशी सामु आत्मसमर्पण गर्नुमा कुनै दुःख, लाज र पश्चाताप महसुस भएको/हुने गरेको पाइदैन । यसो गर्नेहरूमा गजराज मिश्र/चन्द्रशेखर उपाध्यायदेखि मोहन समशेर, मातृका, विपी अनि गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, पशुपति शमशेर, प्रकाशचन्द्र, माधव नेपाल र केपी शर्मा ओलीसम्म प्रमुख पात्रको रूपमा रहेका छन् । उक्त अभियानमा अन्य दलाल र कुपात्रहरू थपिने सिलसिला जारी छ । यसद्वारा नेपाल राष्ट्रको निर्माण र संरक्षणका निम्ति योगदान पुर्‍याउने पृथ्वीनारायण, राजेन्द्रलक्ष्मी, बहादुर शाह, अमर सिंह, भक्ति थापा, भिमसेन थापा, जंगबहादुरदेखि महेन्द्र र बीरेन्द्र शाहसम्मका सपूतहरूको अभियानलाई सत्ता स्वार्थ पूर्तिका निम्ति विभाजन र विघटनको हदसम्म पुर्‍याउने केही कपूतहरूले कमजोर साबित गरेको कुरा स्पष्ट हुन आउछ । यस्ता गतिविधि प्रजातन्त्र/लोकतन्त्र र जनवादको आडमा हुनुलाई अझ बिडम्बनापूर्ण मान्नुपर्ने हुन्छ । त्यसैले नेपालीहरूलाई निहित स्वार्थभन्दा राष्ट्रिय स्वार्थ महत्वपूर्ण विषय हो भन्ने बारेमा दीक्षित तुल्याउनु आवश्यक देखिन्छ ।

> अमेरिकी सरकारका प्रतिनिधिहरूद्वारा व्यक्त मत र उपलब्ध प्रमाणले हिन्द प्रशान्त रणनीतिको हिस्सा भनी चिनाएको परियोजनालाई उनीहरू किन अनुदान सहयोग सम्झौता मात्र हो भनी ठोकुवा गर्दछन् ? के भोली एमसीसीमार्फत नेपाललाई विदेशी शक्तिको क्रिडास्थल बनाइयो भने यिनीहरू त्यसको विरोधमा उत्रन सक्दछन् ?

यद्यपि एकथरीले एमसीसी सम्झौता अनुदान सहायता परियोजना मात्र हो, यसको विरोध गर्नु अपरिपक्व सोंच हो भन्ने मत प्रकट गरिरहेका छन् । तर, त्यसो गर्नेहरूले निम्न प्रश्नहरूको जवाफ दिने आँटसम्म गरेको पाइदैन ।

१) एमसीसी सम्झौता पत्रले दुई सार्वभौम र स्वाधिन मुलुकहरूको समान हैसियतलाई किन स्विकारेको छैन ? (सम्झौताको दफा २.७/७.१/७.२ र सम्झौताका हस्ताक्षरकर्ताको पदीय हैसियतलाई हेर्दा यो कुरा प्रष्ट हुन्छ) ।

२) सम्झौताले अमेरिकीहरूलाई गैरकानूनी कार्यका निम्ति उन्मुक्ति प्रदान गर्ने कुरामा किन जोड दिएको छ ? (सम्झौताको दफा ६.८) ।

३) सम्झौताले आर्थिक सवालमा अमेरिकी पक्षको भूमिकालाई प्रधान्यता किन दिएको छ ?(सम्झौताको दफा ३.२(च) र ३.८) ।


४) नेपाल र अमेरिका दुई देशबीच सम्पन्न सम्झौता लागू हुन पूरा गर्नुपर्ने पूर्वशर्तको रूपमा अर्को देशको समर्थन किन आवश्यक पर्दछ ? (सम्झौताको अनुसूची ५) ।

५) अमेरिकी सरकारका प्रतिनिधिहरूद्वारा व्यक्त मत र उपलब्ध प्रमाणले हिन्द प्रशान्त रणनीतिको हिस्सा भनी चिनाएको परियोजनालाई उनीहरू किन अनुदान सहयोग सम्झौता मात्र हो भनी ठोकुवा गर्दछन् ? के भोली एमसीसीमार्फत नेपाललाई विदेशी शक्तिको क्रिडास्थल बनाइयो भने यिनीहरू त्यसको विरोधमा उत्रन सक्दछन् ? वा त्यसलाई समर्थन गरेर लुटको सिलसिलालाई निरन्तरता दिनेछन् ?

एमसीसी सम्झौताका अन्धसमर्थकहरूले उल्लेखित कुराहरूसँगै कोशी गण्डक सम्झौताले कसरी वर्षेनी नेपाली भू-भाग जलमग्न र बाढी प्रभावित तुल्याउँदै त्यहाँका नागरिकहरूलाई दुःख दिइरहेको छ भन्नेतर्फ ध्यान दिँदैनन् । वार्षिक १ खर्ब २० अर्ब आम्दानी हुने भनी दाबी गरिएको एकीकृत महाकाली सन्धि सम्पन्न भएको २६ वर्ष पुगिसक्दा पनि किन डिपिआरसम्म तयार हुन सकिरहेको छैन ? टनकपुर सन्धिको देखावटी विरोधका क्रममा 'महाकाली नदी साझा हो, पानी आधा आधा हो' भन्ने नारा लगाउनेहरूले नेपालको पश्चिम सिमाना महाकाली नदीको पश्चिमी भाग हो भनी इंगित गर्ने सुगौली सन्धि (धारा ५) को व्यवस्था विपरित हुनेगरी एकीकृत महाकाली सन्धि पारित गर्दै महाकाली नदीमाथि भारतको अधिकार स्थापित गराउने कार्य किन गरेका थिए ? के यसबारे देउवा, पशुपति, लोहनी अझ खासगरी ओली/माकुनेहरूले स्पष्टीकरणसम्म दिनु पर्दैन ? आफ्ना विगतका राष्ट्रघाति कर्तुतहरूबारे कुनै दायित्व नलिइ राष्ट्रघातको सिलसिला मात्र जारी राख्ने छुट तिनीहरूलाई कसरी/कुन आधारमा प्राप्त भएको हो ? यसरी निरन्तर रूपमा राष्ट्रिय स्वार्थलाई कमजोर तुल्याउँदै विदेशी स्वार्थलाई सघाउने कुरा उनीहरूलाई के/कुन आधारमा सकारात्मक लाग्दछ ? यी कुराहरू जनता सामु प्रष्ट्याउनु उनीहरूको प्रमुख दायित्व हो । तर, बिडम्बना यसबारे चूँसम्म बोल्दैनन् । यसले राष्ट्रघातिहरू कुन हदसम्म निर्लज्ज र गैरजिम्मेवार हुन्छन् भन्ने कुरासँगै राष्ट्रघातको कुनै स्वरूप र सीमा हुँदैन भन्ने कुरालाई स्पष्ट पार्छ । यसबाट राष्ट्रघातिहरूलाई दण्डित नगरेसम्म तिनीहरूले विगतबाट कुनै शिक्षा लिने गर्दैनन् भन्ने कुरा प्रमाणित हुन्छ । यस आधारमा नेपाली जनता आफै सचेत नभएसम्म देशको हित कुनै हिसाबले संभव छैन भन्ने कुरा देखिन आउछ ।


